जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २९२ २०८० साल असार १५ गते शुक्रबार (30 June 2023 Friday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : कोडियाबस्ती: रोग जितेर भोकसँग. ३ पृष्ठमा : विपद् जोखिम न्यूनीकरणमा ... ३ पृष्ठमा भारतमा रथको तारसँग...

## दिपक मृत्यु प्रकरण

# अनुसन्धानका लागि केटी साथी प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

राजविराज २ निवासी दिपक रायको मृत्यु प्रकरणमा उनका केटी साथीलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको छ ।

रायको राजविराजस्थित सिन्हा लँजमा ९ असार ९ गते हत्या भएको परिवारका सदस्यले दाबी गरिरहेको बेला उनका केटी साथी बिराटनगर उपमहानगरपालिका बाँसबारी बस्ने पार्वती ऋषीलाई नियन्त्रणमा लिई प्रहरी अनुसन्धान सुरु गरेको हो ।

२१ वर्षिय रायको सिन्हा लँजको १०७ नम्बर कोठामा पाँच दिन अघि मृत शरीर फेला परेको थियो । मृतकका हजुरबुबा नागेश्वरले बिहीबार संचारकर्मीहरुलाई न्यायका लागि गुहार गर्दै नातीको हत्या भएको दाबी गरेका छन् । नातीको मृत्यु भएको पाँच दिन बितिसक्दा पनि पोस्टमार्टम रिपोर्ट तथा घटनाको सत्यतथ्य प्रहरीले सार्वजनिक नगरेको उनको गुनासो पनि छ । घटना बारेमा सत्यतथ्य बुझी चाडो भन्दा चाडो छानबिन गरि यथासिघ्र दोषि पत्ता लगाई कारवाही गर्न परिवारजनले स्थानिय प्रशासनसँग माग समेत गरेका छन् ।

मृतकका बुबा मुकेशका अनुसार छोरा दिपक आफ्नो केटी साथी पार्वती ऋषिसँग असार ७ गते देखी सो लँजमा बस्दै आएका थिए । दुई दिनपछि असार ९ गते उनी बसेकै कोठामा मृत अवस्थामा फेला परेका थिए । उनीसँगै रहेकी पार्वतीले आफु बाथरुमतिर गएको बेला भित्रबाट चुकुल लगाई भेन्टिलेशनमा सलको पासो लगाएर झुण्डिएर आत्महत्या गरेको बताउँदै आएकी छिन् ।

तर, दिपकका परिवारजनले आत्महत्या नभई केटी र उनका आफन्तको मिलोमतोमा हत्या गरेको दाबी गरेका छन् । दिपकका बुबा मुकेशले मृत्युको प्रकृती र घटनास्थलको अवस्थाले त्यो आत्महत्या नभई हत्या नै भएको पुष्टि गरिरहेको बताए । छोराको नाक, मुखमा चोटको दाग देखिनु, रगत बगिरहनु झुण्डिएको भनिएपनि प्रहरी पुग्दा शव भुईमा भेटिनु, शरीरका विभिन्न भागमा शंकास्पद दागहरु देखिनु आत्महत्या नभएर हत्याको संकेत भएको बुबा मुकेशले बताए ।

उनले केटीका आफन्तबाट मोबाइलमार्फत बेला बेलामा छोरालाई ज्यान मारिदिने धम्की आउने गरेको र सो रेकर्ड आफुसँग सुरक्षित रहेको समेत जानकारी दिएका छन् । उनले शुक्रबार प्रहरीमा यस बारे जाहेरी दर्ता गर्ने जानकारी दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले घटनास्थलको प्रकृतीले आत्महत्या हुन सक्ने देखिएपनि पोष्टमार्टम रिपोर्ट आइसकेपछि सबै सत्यतथ्य जानकारी गराउने बताए । उनले दिपकका केटी साथीलाई हिरासतमा राखी घटना बारे थप अनुसन्धान भइरहेको जनाएका छन् ।

# औषधिको गुणस्तर परीक्षण गरेर मात्र बिक्री गर्नु : औषधि विभाग

काठमाडौं, १४ असार (रासस) ।

औषधि व्यवस्था विभागले औषधि पसललाई औषधिको गुणस्तरमा शङ्का लागेमा परीक्षण गरेर मात्र बिक्री वितरण गर्न अनुरोध गरेको छ ।

विभागका महानिर्देशक नारायणप्रसाद ढकालले औषधिको गुणस्तरियताको सम्बन्धमा विभागमा जनगुनासो आएकाले सबै अस्पतालका औषधि पसललाई औषधिको गुणस्तर परीक्षण गराई गुणस्तर एकीन गरेपछि मात्रै मात्र बिक्री वितरण गर्न अनुरोध गर्नुभएको हो ।

"विभिन्न अस्पतालमा सञ्चालित फार्मेसीबाट बिक्री वितरण हुने औषधिको गुणस्तरियताको सम्बन्धमा यस विभागमा जनगुनासो प्राप्त भएका छन्," उहाँले भन्नुभयो, "औषधि ऐन, २०५३ को दफा १२ अनुरुप औषधि सुरक्षित, असरमुक्त र गुणयुक्त हुनुपर्ने व्यवस्था रहेकाले सबै अस्पतालमा सञ्चालित फार्मेसीले औषधिको खरिद तथा बिक्री वितरण गर्दा परीक्षण गराउनु पर्नेछ ।"

महानिर्देशक ढकालले औषधिको गुणस्तर एकीन गरेर सम्बन्धित निकायलाई जानकारी गराउनुपर्ने बताउनुभयो । औषधि वितरक तथा औषधि पसल सञ्चालक नागरिकको स्वास्थ्यप्रति जिम्मेवार बन्दै गुणस्तरीय औषधि सेवन गर्ने नागरिकको अधिकारलाई सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# रास्वपाले तोक्यो ७७ वटै जिल्लामा सम्पर्क सांसदको जिम्मेवारी

काठमाडौं, १४ असार (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले देशभरका ७७ वटै जिल्लामा आफ्ना सांसदको जिम्मेवारी तोकेको छ । जनताको आवाज संसद्सम्म पुर्याउनका लागि सांसदलाई जिल्ला सम्पर्कको जिम्मेवारी दिइएको पार्टी सभापति रवि लामिछानेले जानकारी दिनुभयो ।

बेथिति, भ्रष्टाचार, विकास योजनाजस्ता समस्या भएमा सांसदलाई सम्पर्क गर्न सकिने र त्यसका लागि अत्यावश्यक अवस्थामा गर्नुपर्ने फोनबाहेक आफ्ना सूचना र सन्देश ह्वाट्सएपमा पठाउन रास्वपाले आग्रह गरेको छ ।

रास्वपाले विज्ञप्ति जारी गरी सांसद डोलप्रसाद अर्याललाई बारा, धादिङ, कञ्चनपुर र कैलाली, विराजभक्त श्रेष्ठलाई गुल्मी, दार्चुला, अछाम र पाल्पा, सन्तोष परियारलाई भक्तपुर, अर्घाखाँची, दैलेख र बाजुरा, निशा डाँगीलाई झापा, मोरङ, इलाम र सल्यान, मनिष झालाई धनुषा, रौतहट, रुपन्देही र बझाङ, गणेश पराजुलीलाई ओखलढुङ्गा, खोटाङ, सिराहा र डडेलधुरा, सोविता गौतमलाई दोलखा, रामेछाप, सिन्धुपाल्चोक र जाजरकोट, सुमना श्रेष्ठलाई रसुवा, काठमाडौं, रुकुमपूर्व र रुकुमपश्चिम, डा तोसिमा कार्कीलाई ताप्लेजुङ, पाँचथर, डोटी र ललितपुरको जिम्मेवारी तोकिएको जनाएको छ ।

यसैगरी शिशिर खनाललाई रोल्पा, दाङ, सर्लाही र सप्तरी, हरि ढकाललाई सोलुखुम्बु, चितवन, नवलपुर र उदयपुर, डा स्वर्णिम वाग्लेलाई गोरखा, पर्सा, बैतडी र तनहुँ, डा चन्दा कार्कीलाई भोजपुर, सिन्धुली, मनाङ र महोत्तरी, असिम साहलाई काभ्रेपलाञ्चोक, नुवाकोट, मुस्ताङ र कपिलवस्तु, लक्ष्मी तिवारीलाई प्युठान, परासी, बर्दिया र बाँके, अशोककुमार चौधरीलाई धनकुटा, तेह्रथुम, सङ्खुवासभा र सुनसरी, शिव नेपालीलाई लमजुङ, म्याग्दी, पर्वत र कास्की, बिनिता कठायतलाई जुम्ला, कालिकोट, मुगु, हुम्ला, सुर्खेत र डोल्पा तथा विन्दबासिनी काडसकारलाई स्याङ्जा, बाग्लुङ र मकवानपुरको जिम्मेवारी तोकिएको छ ।

"नीतिगत सुधार र जनसवालका विषयमा हाम्रा सांसदहरूसँग देशभरका सचेत नागरिकले सीधा सम्पर्क गरी आफ्नो आवाज संसद्सम्म बुलन्द गर्न, आम आवाजलाई नीतिमा समेट्ने र अब्बल नीति र त्यसको कार्यान्वयनमार्फत मुलुकको अवस्था बदलनका लागि सांसदहरूलाई विभिन्न जिल्लाको सम्पर्क सांसदको जिम्मेवारी तोकिएको ब्यहोरा सबैलाई विनम्र सूचित गर्दछौं", विज्ञप्तिमा भनिएको छ ।

# डेंगी संक्रमणका कारण दुई महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

सुनसरीको धरानमा डेंगी संक्रमणका कारण दुईजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धरान १७ का दुई महिला भएको उपमहानगरका वरिष्ठ कविराज रामबाबु यादवले जानकारी दिए ।

उनका अनुसार संक्रमितमध्ये एकजनाको १२ दिनअघि र एकजनाको बुधबार मृत्यु भएको हो ।

उपमहानगरका २० मध्ये अधिकांश वडामा डेंगी फैलिएको र संक्रमितको संख्या ५०० भन्दा बढी पुगेको यादवले बताए । यो वर्ष धरानमा जेठ पहिलो सातादेखि फैलिएको डेंगी अहिले भयावह बनेको हो ।

खोज र नष्ट गर अभियान पनि चलाइरहेको भन्दै अधिकांश संक्रमित घरमै रहने तथा उपचारमा नपुग्ने भएकाले संक्रमण फैलिँदै गएको उनको भनाई छ ।

# तरुण दलको तदर्थ समितिमा चार सय थप

काठमाडौं, १४ असार (रासस) ।

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलको तदर्थ समितिमा चार सय सदस्य थप गरिएका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विद्वान गुरुङको अध्यक्षतामा रहको तरुण दलको तदर्थ समितिमा बुधबार राति चार सय सदस्य थप गर्नुभएको हो ।

सभापति देउवाले सातै प्रदेशमा गरी सदस्य थप गर्नुभएको पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव डा प्रदीप पराजुलीले जानकारी दिनुभयो । यसअघि महिला सङ्घको तदर्थ समितिमा पनि उहाँले सदस्य थप गर्नुभएको थियो ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जलवायु परिर्वतनले कृषि क्षेत्रमा असर पार्दै

जलवायु परिवर्तनले अहिले सबैभन्दा बढी असर कृक्षि क्षेत्रमा पार्दै गइरहेको छ । यसले कृषि क्षेत्रलाई तहसनहसको अवस्थामा पुऱ्याएको छ । जाडोका समयमा गर्मी, बिना बर्षाको पनि बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदै आएको छ । बैमौसमी परिवर्तनले हरेक क्षेत्र प्रभावित भइरहेको छ । नेपाललाई कृषिप्रधान देश हो भनिएपनि यसतर्फ सरकार तथा अन्य सरोकारबाला निकाय गम्भिर रुपमा देखिएका छैनन् ।

जाडो मौसममा फल्ने फलफूल गर्मीमा फल्ने र गर्मीको जाडोमा जस्ता कामहरु पनि भइरहेको छ । यसको असरलाई सकेसम्म कम गर्ने बाहेक हामीसँग अरु कुनै विकल्प छैन । जंगल फडानी रोक्नु र नांगा डाँडामा वृक्षरोपण गर्ने मात्र हो । यसतर्फ सबैको ध्यान आकृष्ट हुनु जरुरी छ ।

तसर्थ जलवायु परिवर्तनका बारेमा जनतालाई सुसूचित गर्दै त्यसैसँग तालमेल हुने खालको खेतीप्रणालीका लागि अध्ययन अनुसन्धान जरुरी छ । यसका लागि जलवायु परिवर्तनसँगै तालमेल हुने खालका योजना बनाउनु पनि अहिलेको आवश्यकता हो ।

# कोडियाबस्ती: रोग जितेर भोकसँग हारिरहेको तिरस्कृत बस्ती

जनकपुरधाम, १४ असार (रासस)।

आजभन्दा १५/१६ वर्षअघि मागेर खाने, भूमिहीन, कुष्टरोग प्रभावितलाई लक्षित गरी जनकपुरधाममा बनाइएको कोडियाबस्ती संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । समाजसेवी जमिरियादेवी कुर्मिनीले जनकपुरधाम उपमहानगरपालिका-७ मा निर्माण गरेको बीस कोठे भवनसहितको संरचना उहाँको निधनपछि संरक्षणको अभावमा जीर्ण बन्दै गएको हो ।

कुनै समय करिब २२ परिवारका एक सय मान्छेको सामूहिक बसाइँ रहेको सो स्थानबाटै कुष्टरोग प्रभावितको औषधोपचार र उचित हेरचाह गरी नयाँ जीवन दिने काम भएको थियो ।

सडक किनारमा अपहेलित जीवन बाँचिरहेकालाई सम्मानित जीवन बाँच्न सिकाउने सोही बस्ती अचेल आफैँ नयाँ जीवनको पर्खाइमा छ । रङ्ग उड्दै गरेको अग्लो पर्खाल । खियाँ लाग्दै गरेको फलामे प्रवेशद्वार (गेट) । त्यहीभित्र अग्लाअग्ला रुख र जीर्ण हुँदै गएको २० कोठे भवन । भवनजस्तै जीन्दगीको रङग उड्दै छ सुरुदेखि नै यहाँ बस्दै आउनुभएका बेचन मण्डलको पनि यो बस्तीको विगत र यसको योगदानका बारेमा जनकपुरका धेरैलाई जानकारी छ, तर पछिल्लो तितो कथाबारे भने धेरैजसो बेखबर छन् । कुनैबेला २०/२२ परिवारका करिब एकसय जनाले नयाँ जिन्दगी पाएको यो २० कोठे भवनका तीन कोठाबाहेक सबैमा ताला लगाइएका छन् ।

ती कोठामध्ये एउटामा बेचन मण्डलको पाँच जनाको परिवार र अर्कोमा एकल महिला गीता सदा आफ्ना पाँच सन्तानसहित बसिरहनुभएको छ भने अर्को कोठामा २१ वर्षीय कृष्ण सदा एक्दै बस्न थालेको धेरै भइसक्यो । त्यो समय, जुनबेला कुष्टरोगी भनेपछि समाजले छि:छि दूरदूरको भावले हेर्थ्यो । जनकपुरधाम आसपासका कुष्टरोग प्रभावितको अवस्था पनि त्यही थियो । मागेर खानुपर्ने अवस्थाका अधिकांश भूमिहीन गरिब कुष्टरोग प्रभावितको त्यही अवस्था देखेर जनकपुर निवासी समाजसेवी जमिरियादेवी कुर्मिनीले धर्मशाला निर्माण गरिदिनुभएको थियो । छ कठ्ठा पाँच धुर जमिनमा २० कोठे भवन, भान्छा, मन्दिर र पठनपाठनका लागि शिक्षकसहितको व्यवस्था, कुष्टरोगीको नियमित औषधोपचार, खानपिनको बन्दोबस्त र उचित रेखदेखले ‘पूर्वजन्मको दोष’ देखाएर जीवनबाट हार खाएकामा जगाइएको आशाले बस्ती नै गुञ्जायमान हुँदै थियो तर विसं २०७२ साउन ११ गते जमिरियादेवीको मृत्यूपश्चात सो बस्ती उजाड बन्दै गएको छ ।

**फेरि सडकमै**

जमिरियादेवी जीवित हुँदासम्म यहाँ बसोबास गर्नेहरूको रेखदेख र गाँसबासका लागि सोहीअनुसारको बन्दोबस्त थियो । उहाँको निधनपश्चात भने सुरक्षा, संरक्षण र रेखदेखको अभावमा भवन जीर्ण बन्दै गएको छ । त्यही कारण आफूहरूलाई बस्न कठिन भइरहेको विजय सदाले बताउनुभयो । कवाडी उठाउने काम गरिरहनुभएका उहाँले वर्षौं बिताएको बस्ती छोडेर जानुपर्दा निकै दु:ख लागिरहेको बताउनुभयो । “१५/१६ वर्ष यही बस्तीमा बसियो । यही हुर्कियो । मेरो आमाले अन्तिम स्वास फेरेको ठाउँ पनि यही हो । माया त लाग्छ तर के गर्नु अहिले बस्ने अवस्था छैन”, सदाले भन्नुभयो,“जमिरियादेवि वितेपछि कसैले पनि रेखदेख गर्दैनन् । बिजुलीबत्ती छैन । बक्यौता रकम नतिरेको भनेर विद्युत प्राधिकरणले लाइन काटेको धेरै भइसक्यो ।

सक्नेले त काम गरिरहेका छन् तर कमजोर, एकल महिला, बालबालिकाले खानका लागि फेरि सडकमै सङ्घर्ष गर्नुपर्ने दिन आएको छ । यो देख्दा निकै नरमाइलो लागेको छ ।”बेचन मण्डलले पनि जीर्ण संरचनाका कारण यहाँको बसाइँ निकै कष्टकर हुँदै गएको बताउनुभयो । सडकबाट उठाएर यो बस्तीमा ल्याउनुभएकी जमिरियादेवीको निधनपछि फेरि सडकमै फर्किनुपर्ने अवस्था आएकोमा उहाँले दु:ख व्यक्त गर्नुभयो । “सुरुमा हामी सडकमा थियौँ । परिक्रममा रोडले उठिबास लगाएपछि आमा (जमिरियादेवी) ले धर्मशाला बनाएर यहाँ राख्नुभयो । २०/२२ परिवारका सदस्य रमाएर बसिरहेका थियौँ । आमाको निधनपछि भवन संरक्षण गर्न कसैले सहयोग गरेनन् । कोराना र त्यसपछि बढ्दै गएको समस्याले अहिले सबैसोले बस्ती छोडिसके, अहिले तीन परिवार मात्रै यहीँ बसिरहेका छौँ”, मण्डलले भन्नुभयो,“हाम्रा नौ/दशजना सदस्यले यही ठाउँमा ज्यान गुमाएका छन् । मेरो आमा, एउटा छोरी र एउटा छोरोको ज्यान पनि यही गएको हो । पछिल्लो समय भवन जीर्ण छ, भूतप्रेत सताउँछ, मान्छे मर्छन् भनेर कोही बस्न मान्दैनन् । खै! हामीहरूको बसाइँ पनि कति दिन हो । सम्झिँदा विरक्त लाग्छ ।”

जनकपुरधाम वडा नं सातका पूर्वअध्यक्ष जानकीराम साहले पनि भवनको संरक्षण र त्यहाँ बस्नेको सुरक्षा अभावमा बस्ती छोड्नेको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको जानकारी दिनुभयो । आफ्नो कार्यकालमा वडास्तरबाट केही सहयोग भए पनि पछिल्लो समय धर्मशाला व्यवस्थापनका लागि कसैले ध्यान नदिँदा त्यहाँ बस्ने फेरि माग्ने र दैनिक गुजाराका लागि अन्य जोखिमपूर्ण काममा फर्किन थालेको साहले बताउनुभयो । “जमिरियादेवीले पवित्र उद्देश्यसहित धर्मशाला निर्माण गर्नुभएको थियो । त्यहीं बसेर धेरै रोगीले जीवनदान पाए ।

घरबारविहीनले आश्रय र बालबालिकाले शिक्षाको ज्योति पाए तर पछिल्लो समय सबैको विचल्ली हुँदैछ”, साहले भन्नुभयो,“जमिरियादेविको निधनपछि उहाँको पवित्र कार्यको उत्तराधिकारी बन्ने सपना कसैले देखेका छैनन् । बरु उत्तराधिकारी र धर्मसन्तानको नाममा केही मान्छेले व्यक्तिगत लाभ लिन खोज्दै गरेको सुनिएको छ । स्थानीय सरकारले पनि चासो दिएको छैन । वर्षौंपछि मगन्ते हुनु नगरकै लागि अशोभनिय भएकोले सो धर्मशालाको व्यवस्थापनमा नगरपालिकाले नै ध्यान दिनुपर्छ ।”

**फेरि भेटिएनन् प्रगास**

गत मङ्सिरमा सम्पन्न प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनअघि हामी स्थलगत रिपोर्टिङमा जाँदा सो बस्तीका प्रगास सदा प्रवेशद्वार अगाडि पलेटी कसेर बसिरहनुभएको थियो । चुनावको माहोल भएकाले सो बस्तीमा पनि चहलपहल बढिरहेको थियो । कुष्टरोगको औषधिसेवनपछि निको भएको बताउने सदाले कमजोर शारिरिक अवस्थाले परिवारका लागि खानेलाउने कुरा जोहो गर्न नसक्दा निकै समस्या भएको सुनाउनुभएको थियो । “श्रीमति र छोरीहरूले मागेर ल्याएपछि मात्रै खान पाउँछु । पहिले जमिरियादेवि हुँदा समस्या भएको बेला सहयोग पाइन्थ्यो । अहिले त कसैले पनि हेर्दैनन् । नेताहरू पनि भोट माग्न आएको देख्छु तर अरु समय हाम्रोबारे कसैले खबर राख्दैनन् । अब त बाँच्नै मुस्किल भयो”, उहाँले भन्नुभएको थियो ।

यसपटक रिपोटिङमा जाँदा हामीले उहाँलाई खोज्यौं । कही नदेखेपछि नजिकै रहेकी गीतादेवी सदा नाम बताउने महिलासँग बुझ्दा चुनावको केही महिनापछि प्रगासको निधन भइसकेको रहेछ । तिनै प्रगासको श्रीमति सदाले भन्नुभयो,“रोग त थिएन तर कमजोर भइसकेको मान्छेलाई हावा (प्यारालाइसिस) लाग्यो ? बचाउँन सकिएन ।” सदाका अनुसार अहिले धेरैले बस्ती छोडे र बाँकी रहेका पनि बस्ती छोड्ने अन्तिम तयारीमा छन् तर उहाँसँग भने कुनै विकल्प छैन । “पहिले सडकमा माग्दामाग्दै उहाँसँग विवाह भयो । घरको पत्ता नलागेरै उहाँको निधन भइसक्यो”, आँसु लुकाउँदै सदाले भन्नुभयो,“धेरैले यो ठाउँ छोडिसके, अरुले पनि छोड्दै छन् तर मेरो त जाने ठाउँ कहि पनि छैन । खै ! अब फेरि सडकको बास हुनेपो हो कि ! भवन व्यवस्थापनका लागि कसैले सहयोग गरिदिए बस्न सकिन्थ्यो होला तर अहिले कसैले पनि दयामाया गर्दैनन् ।”

वडा नं सातका निवर्तमान अध्यक्ष साहकाअनुसार यो बस्तीमा दुई वर्षअघि (कोरोनाकालमा) ४० जनाको बसोबास थियो । त्योमध्ये प्रगासलगायत केहीको मृत्यु भइसकेको छ । त्यति धेरै बसोबास भएको यो बस्तीमा अहिले ११ जना मात्रै छन् । जमिरियादेवीको निधनपश्चात धर्मशाला छोडेर फेरि सडकमा आउँनेहरूको सङ्ख्या बढ्दैछ । यो सबैको चिन्ता र चासोको विषय हनुपर्ने उहाँको भनाइ छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद् जोखिम न्यूनीकरणमा साझा प्रयासको खाँचो

काठमाडौँ, १४ असार (रासस) ।

बहुप्रकोपीय विपद्का हिसाबले उच्च जोखिममा रहेको नेपालमा 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन'सम्बन्धी राष्ट्रिय नीति कार्ययोजना तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनमा सरोकारवालाहरूले जोड दिएका छन् ।

गृह मन्त्रालय र डिपिनेट नेपालको संयुक्त आयोजनामा बिहीबारदेखि सुरु भएको विपद् जोखिम न्यूनीकरणसम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलनका सहभागीहरूले सेन्डाइ कार्यढाँचाको कार्यान्वयनको मध्यकालीन समीक्षा गरी आगामी दिनमा यसलाई प्रभावकारीरूपमा कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभएको छ ।

दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा विपद्का क्षेत्रका कार्य गरिरहेका सरकारी, गैरसरकारी, सहयोगी दातृ संस्था एवं स्थानीय तहका पदाधिकारीहरू गरी करिब दुई सयको सहभागिता रहेको छ । सहभागीबीच विपद् जोखिमको अवस्था, जोखिम न्यूनीकरण, पूर्वतयारी, राहत तथा उद्धारसम्बन्धी भइरहेका योजना तथा कार्यक्रम, नीतिगत व्यवस्था र आगामी दिनमा अपनाउनुपर्ने कार्ययोजनाका विषयमा सरोकारवाला निकायबीच भइरहेका कामकारबाही र अन्तर्राष्ट्रिय अभ्यासका विषयमा समेत अनुभव आदान-प्रदान हुनेछ ।

नेपाल विश्वव्यापीरूपमा प्रकोपका हिसाबले एघारौँ स्थानमा छ । भूकम्प र बाढीको जोखिमको हिसाबले क्रमशः तीसौँ स्थानमा छ । नेपालले महाभूकम्पदेखि विश्वव्यापीरूपमा उल्लेखनीय प्रकोपका घटना देखेको छ । त्यसैले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावमा आधारित बनाएर चुस्त योजना कार्यान्वयन गर्नु जरुरी रहेको सहभागीहरूले औँल्याएका छन् ।

सम्मेलन उद्घाटन समारोहमा गृहसचिव दिनेश भट्टराईले तीनै तहका सरकारको साझेदारीमा विपद्का अवधारणालाई अगाडि बढाउने प्रयास सुरु भएको जानकारी गराउँदै मुलुकमा देखिएका बहुप्रकोपीय विपद्को सामना गर्न सबैको सहकार्य आवश्यक भएको औँल्याउनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष हेमराज ढकालले विपद्बाट निजी क्षेत्र पनि बढी प्रभावित हुने भएकाले महासङ्घले विपद्सम्बन्धी कार्यमा अन्य निकायहरूसँग सहकार्य गरी अघि बढ्न अलग्गै समितिको गठन गरेको जानकारी दिनुभयो ।

विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख महादेव पन्थको सभापतित्वमा भएको कार्यक्रममा डिपिनेट नेपालका अध्यक्ष सूर्यबहादुर थापाले तीनै तहका सरकारबीच समन्वय र सहकार्यबाट यस वर्षलाई विपद् जोखिम न्यूनीकरण अभियान वर्षको रूपमा मनाउन आग्रह गर्नुभयो । युएसएआईडीका कल्पना अर्यालले पछिल्लो समय कोभिड र आर्थिक मन्दीका कारण प्रभावित जनतालाई विपद्जन्य अवस्थाबाट सहज गराउन सन् २०२० देखि २०२५ सम्मको पाँचवर्षे रणनीतिक योजना तयार गरिएको जानकारी दिनुभयो । सम्मेलनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नीति, प्रावधान र अभ्यासबारे ज्ञान बढाउन, विभिन्न तहका सरोकारवालाबीच समन्वय बढाउन तथा समन्वयात्मकरूपमा कार्यनीति बनाई लागू गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।





अनुरोधकर्ता

हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी



जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्ताबित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

अनुरोधकर्ता : **डाक्नेश्वरी नगरपालिका, सप्तरी**


# विश्व समाचार

## भारतमा रथको तारसँग ठोक्किएर छ जनाको मृत्यु, १५ घाइते

नयाँदिल्ली, १४ असार (रासस/सिन्ह्वा) ।

भारतको उत्तरपूर्वी राज्य त्रिपुरामा बुधबार एउटा रथ ओभरहेड हाई-टेन्सन तारसँग छोइदा कम्तीमा छ जनाको मृत्यु भएको छ भने अन्य १५ जना घाइते भएका छन् । घटना त्रिपुराको राजधानी शहर अगरतलाबाट १२० किलोमिटर उत्तरपूर्वमा उनाकोटी जिल्लाको कुमारघाट क्षेत्रमा भएको हो । अधिकारीका अनुसार धार्मिक यात्रामा देवता बोकेको रथलाई भक्तजनले तानेका बेला दुर्घटना भएको हो । घाइतेलाई सरकारी अस्पतालमा भर्ना गरिएको छ । प्रहरीले दुर्घटनाको विषयमा मुद्दा दर्ता गरी अनुसन्धान शुरु गरेको जनाएको छ ।

## जोर्डनले सिरियासँगको सीमामा ड्रोन खसाल्यो

अम्मान, १४ असार (रासस/सिन्ह्वा) ।

जोर्डन सशस्त्र बलले आफ्नो पूर्वी क्षेत्रीय सेनाले सिरियाबाट आउँदै गरेको ड्रोनलाई खसालेको छ बताएको छ । यो महिना दिनभित्रको तेस्रो ड्रोनलाई रोकिएको हो । सिरियाबाट अवैध सीमा पार गरेका जोर्डनका सीमा गार्ड, लागुऔषध विरोधी विभाग र सैन्य गुप्तचरले पत्ता लगाएपछि जोर्डनका सेनाले राज्यको भूभागभित्र ड्रोन खसालेको, राज्य सञ्चालित पेट्रा समाचार एजेन्सीले सैन्य स्रोतलाई उद्धृत गर्दै उल्लेख गरेको छ । योसँगै ड्रोनले बोकेका वस्तु जफत गरिएको छ । मे महिनामा सेनाले सिरियाबाट जोर्डनमा लागुऔषध तस्करी गर्ने तीनवटा प्रयासलाई विफल पारेको थियो ।

## अमेरिकी महावाणिज्य दूतावासमा भएको आक्रमणमा एक नेपालीसहित दुईको मृत्यु

जेद्दा, १४ असार (रासस/एएनआई) ।

जेद्दास्थित अमेरिकी महावाणिज्य दूतावासमा आक्रमण गर्ने बन्दुकधारी सहित दुई जनाको मृत्यु भएको साउदी ग्याजेटले जनाएको छ । बुधबार जेद्दास्थित अमेरिकी वाणिज्य दूतावासको भवनमा आक्रमण गर्ने बन्दुकधारीलाई गोली प्रहार गरी मारिएको प्रवक्ताले बताएका छन् । गोली हानाहानमा गम्भीर चोट लागेका दूतावासको सुरक्षार्थ खटिएका एकजना नेपाली कामदारको पनि मृत्यु भएको प्रवक्ताले जानकारी दिएका छन् । घटनाको अवस्था पत्ता लगाउन सुरक्षा अनुसन्धान जारी रहेको मक्का प्रहरीले जनाएको छ । बुधवार साँझ ६:४५ मा कारमा आएका एकजना व्यक्ति जेद्दाको अमेरिकी वाणिज्य दूतावासको भवन नजिकै कार रोकेर हातमा बन्दुक लिएर बाहिर निस्केका थिए । सुरक्षा अधिकारीले परिस्थितिलाई ध्यान दिँदै उनलाई नियन्त्रणमा लिन लागेको तर परिस्थिति सहज नभएपछि घटनाले अर्कै मोड लिएको जनाएको छ ।

## फ्रान्समा भएका पछिल्ला घटनाको राष्ट्रपति म्याक्रोनद्वारा निन्दा

पेरिस, १४ असार (रासस/एएफपी) ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले बिहीबार एक जना किशोरको हत्या भएको घटनाको निन्दा गर्नु भएको छ । प्रहरीले उनले हत्या गरेपछि कारमा आगजनी हुनुलगायत प्रहरीका पछिल्ला गतिविधि आपत्तिजनक रहेको राष्ट्रपतिको भनाइ छ । "पछिल्ला केही समय प्रहरी स्टेशन, विद्यालय र टाउन हलहरू ... संस्थाहरू र स्वयं गणतन्त्र विरुद्धका हिंसात्मक गतिविधि आपत्तिजनक छन्" राष्ट्रपतिको धारणा छ । राष्ट्रपति म्याक्रोनले आन्तरिक मन्त्रालयमा मन्त्रीको बैठकमा सो धारणा राख्दै "यी (आक्रमण) पूर्णतया अनुचित रहेको बताउनु भएको छ ।"

## अमेरिकामा गर्मीका कारण १७ जनाको मृत्यु

ह्युस्टन, १५ असार (रासस/सिन्ह्वा) ।

अमेरिकाको दक्षिणी भागमा फैलिएको तातो हावाको लहरका कारण कम्तीमा १७ जनाको मृत्यु भएको छ । वेब काउन्टी दक्षिणी टेक्सासमा, चिकित्सा परीक्षक डा कोरिन स्टर्नले बुधबार जनाएअनुसार असामान्य गर्मीका कारण ६० वर्षभन्दा माथिका ११ जनाको मृत्यु भएको छ । "यस्तो गर्मी हामीले यहाँ पहिले कहिल्यै अनुभव गरेका थिएनौं," स्टर्नले भने, "तापको प्रकोपबाट हुने मृत्युलाई दुर्घटनाको रूपमा लिइन्छ, र दुर्घटना, परिभाषाअनुसार, रोकथाम गर्न सकिने मृत्यु हुन् । यी सबै मृत्युलाई रोक्न सकिन्थ्यो ।"

यसैगरी फ्लोरिडाका १४ वर्षीय युवकको टेक्सासको बिग बेन्ड नेशनल पार्कमा शुक्रबार गर्मीका कारण उत्पन्न थकानका कारण मृत्यु भएको छ । त्यहाँको तापक्रम ११९ डिग्री फरेनहाइट ४८ डिग्री सेल्सियस) पुगेको थियो । यसैगरी अन्य पीडितमा उत्तरी टेक्सासका १७ वर्षीय पदयात्री, पूर्वी टेक्सासका युटिलिटी लाइनम्यान, डलासका हुलाक कर्मचारी र लुइसियानाको टटीय राज्यका दुई जना बासिन्दा रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । टेक्सास ट्रिब्युनको बुधबारको रिपोर्टले टेक्सासमा गर्मीको लहर आएदेखि ३० वर्षका दुई जना पुरुषसहित कम्तीमा नौ जना कैदीको हृदयघात वा वातानुकूलित नभएको जेलमा अज्ञात कारणले मृत्यु भएको बताएको छ ।

# नमाज पाठ गरी मनाइयो बकर इद

काठमाडौँ, १४ असार (रासस)।

मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) बिहीबार देशभरका मस्जिदमा नमाज पाठ गरी हर्षोल्लासपूर्वक मनाइएको छ। इदुल फित्र अर्थात् रमजान पर्वको ७०औँ दिनमा बकर इद मनाउने धार्मिक विधि छ। मुस्लिम धर्मावलम्बीले बिहीबार बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढेका छन्।

नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने विधि छ। यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लागेका थियो। हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्वध्यक्ष निर्दोष अलीले जानकारी दिनुभयो।

"अल्लाहको आदेश इब्राहिमलाई तेरो नजिकैको प्यारो चीज कुर्वान (बलिदान) दे भन्ने थियो, जसअनुसार इस्माएल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैँ आएर परीक्षामा उत्तीर्ण भइस्, यो भेडालाई बलिदान गर भनी आदेश दिनुभयो, यही घटनाका आधारमा यो पर्व मनाउन सुरु भएको हो"-पर्वको ऐतिहासिक पृष्ठभूमि बताउँदै उहाँले भन्नुभयो।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् पाँच सय ७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउनुहुन्छ। जसले यो पर्व एवम् धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गर्नुभएको थियो।

"जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय मदरसामा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ"- उहाँले भन्नुभयो।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ। गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरको छ। यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिएका छन्।

धार्मिक मान्यताअनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो। जसलाई पालना गर्दा अल्लाह प्रसन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ। यसैकारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ।

निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका थिए। अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो। सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नुपर्छ भनेका थिए भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ।

उनले धेरै जनावर कुर्बानी गरे तर अल्लााह खुसी भएका थिएनन्। अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए। यस घडीमा उहाँको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो।

कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ। एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता रहेको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले बताउनुभयो। यसै अनुसार बिहीबार पहिलो दिनको बकर इद मनाइएको छ। मुस्लिम धर्मावलम्बीले शनिबारसम्म तीन दिन यो पर्व मनाउने जनाइएको छ। यस अवसरमा सरकारले बिहीबार सार्वजनिक बिदा दिएको थियो।

# अदालतका कर्मचारी कुटपिट गरेको आरोपमा वकिल पक्राउ

काठमाडौँ, १४ असार (रासस)।

प्रहरीले ललितपुर जिल्ला अदालतका कर्मचारीलाई कुटपिट गरेको आरोपमा एकजना वकिललाई पक्राउ गरेको छ।

अदालतकी महिला कर्मचारीले आफूलाई कुटपिट तथा अभद्र व्यवहार गरेको भनेर जाहेरी दिएपछि वकिल अमिर लामिछानेलाई पक्राउ गरिएको ललितपुरका प्रहरी उपरीक्षक नवराज कार्कीले जानकारी दिनुभयो।

अदालतको मिसिल नदिएको भन्दै उनले कुटपिट गरेको आरोप लागेको प्रहरीले जनाएको छ। फोटोकपी लिएर जान अनुरोध गर्दा पनि नमानेको बताइएको छ।

उनीविरुद्ध अभद्र व्यवहार कसुरमा मुद्दा अघि बढाउने प्रहरीले जनाएको छ। बिहीबार सार्वजनिक बिदा भएकाले शुक्रबारमात्रै म्याद थप हुने कार्कीले बताउनुभयो।

## पहिचान पक्षधरले भट्राईलाई गरे अवरोध

**दैनिक समाचारदाता**
**बिराटनगर, १४ असार।**

नेकपा एमालेका सचिव योगेश भट्टराईलाई इलाममा पहिचान पक्षधरले अवरोध गरेका छन्।

कोशी नामकरणको विपक्षमा आन्दोलनरत पक्षले एमाले नेता भट्टराई चढेको गाडीलाई इलाममा रोकेका हुन्।

उनीहरुले भट्टराईविरुद्ध नाराबाजी पनि गरेका थिए। कोशी नामकरणविरुद्ध आन्दोलनमा रहेका समूहले नामकरणको पक्षमा रहेका व्यक्ति र सांसदविरुद्ध प्रदर्शन, नाराबाजी र अवरोध गरिरहेका छन्।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८९१८७

# हरिशयनी एकादशी पर्व सुरु

काठमाडौँ, १४ असार (रासस)।

प्रत्येक वर्ष आषाढ शुक्ल एकादशीका दिन घर घरमा तुलसीको बिरुवा सारी चार महिनासम्म गरिने विशेष पूजा आराधना बिहीबारदेखि सुरु भएको छ।

एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिनमा घर घरको तुलसी मोठमा राखिएको दलको बिरुवा बिहीबार मोठमा सारिएको छ। सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रुपमा मानिन्छ। कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा हुन्छ।

आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्नुहुने भएकाले आजको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ। भगवान् विष्णु शयन गर्नुहुने चार महिनालाई चतुर्मासा पनि भनिन्छ। यस वर्ष भने साउन महिनामा अधिकमास परेकाले पाँच महिना हुने भएको छ।

एक वर्षमा २४ एकादशी पर्छन्। यस वर्ष भने अधिकमासका दुईसमेत गरी २६ एकादशी परेका छन्। सक्नेले सबै एकादशीमा फलाहार मात्र गरेर व्रत बस्छन्। नसक्नेले चतुर्मासाका चार महिनामा पर्ने आठ एकादशीमा व्रत गर्छन्। कामकाजमा सक्रिय हुनुपर्ने र चार महिनासम्म पनि फलाहार गर्न नसक्नेले भने हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन फलाहार गरी व्रत बस्ने गर्छन्।

चार महिनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ। तुलसी र दामोदरको विधिपूर्वक विवाहपछि अग्निस्थापना विधिबाट चतुर्मासा व्रतको उद्यापनका लागि हवनसमेत गरिन्छ।

# एसईईको नतिजा प्रकाशन अन्तिम चरणमा

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ असार।**

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा प्रकाशन अन्तिम चरणमा पुगेको जनाएको छ।

बोर्डले असार तेस्रो साताभित्रमा नतिजा प्रकाशन गर्ने गरी तयारी थालेको हो। सोही आधारमा नतिजा प्रकाशनको लागि आवश्यक गृहकार्य भइरहेको बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले जानकारी दिए।

उनले उत्तरपुस्तिकाका परीक्षण, सम्परीक्षण तथा रुजु गर्ने काम सकेर अहिले नतिजा कम्प्युटरमा चढाउने काम भइरहेको बताए। नम्बर कम्प्युटरमा चढाउने, रुजु गर्ने लगायतका काम भइरहेको अध्यक्ष शर्माले भने।

यता नतिजा कुन पद्धतिबाट प्रकाशन गर्ने भन्ने विषयमा अहिलेसम्म टुङ्गो लागेको छैन। पुरानै लेटर ग्रेडिङ पद्धतिबाट प्रकाशन गर्ने कि नयाँबाट गर्ने भन्ने विषयमा केही दिनमा निर्णय हुने अध्यक्ष शर्माले बताए।

अहिलेसम्म केही पनि निर्णय भइनसकेको भन्दै अध्यक्ष शर्माले बोर्डले एसईईमा ३५ प्रतिशतभन्दा कम ल्याउनेलाई नन ग्रेडेड गर्ने व्यवस्थासहितको लेटर ग्रेडिङको व्यवस्था गरेको बताए। तर, उक्त नियम अघिल्लो वर्ष समेत अन्तिम समयमा आएर रोकिएको थियो। यो वर्ष कुन आधारमा नतिजा प्रकाशन हुन्छ भन्ने हालसम्म यकिन भइनसकेको रातोपाटीलाई जानकारी दिए।

पुरानै विधिअनुसार ९० देखि १०० ल्याउनेलाई ए प्लस, ८० देखि ९० भन्दा कम ल्याउनेलाई ए, ७० देखि ८० भन्दा कम ल्याउनेलाई बी प्लस, ६० देखि ७० भन्दा कम ल्याउनेलाई बी, ५० देखि ६० भन्दा कम ल्याउनेलाई सी प्लस, ४० देखि ५० भन्दा कम ल्याउनेलाई सी, ३० देखि ४० भन्दा कम ल्याउनेलाई डी प्लस, २० देखि ३० भन्दा कम ल्याउनेलाई डी र २० भन्दा कम ल्याउनेलाई ई ग्रेड प्रदान गरिँदै आएको छ। नयाँ पद्धतिअनुसार सबै विषयमा ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउनेलाई नन ग्रेडेडमा राख्ने व्यवस्था छ। २०७९ मा ४ लाख ८४ विद्यार्थीले एसईई दिएका थिए।

बाढीबाट बच्ने उपायहरू


अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*